**मेगा किचेन स्थापना र सञ्चालनसम्बन्धी कार्यक्रम**

**कार्य-सञ्चालन संहिता, २०८१**

**स्वीकृति मिति: २०८१/१०/.१५**

## १. परिचय

नेपाल सरकारको आव २०८१।८२ को नीति तथा कार्यक्रमको बुँदा नं १४४ मा स्थानीय उत्पादनको उपयोग हुनेगरी आधारभूत तहका विद्यार्थीलाई पोषिलो, ताजा र गुणस्तरीय खाजा उपलब्ध गराउन दिवाखाजा कार्यक्रम परिमार्जन गर्ने उल्लेख गरिएको छ । साथै, आव २०८१।०८२ को बजेट वक्तव्यको प्रकरण नम्वर १६० मा आगामी बर्ष सात प्रदेशका एक एक स्थानीय तहमा एकीकृत भान्छाको अवधारणा अनुरूप मेगा किचेन कार्यक्रम सञ्चालन गर्ने उद्देश्य बमोजिम प्रत्येक विद्यालयमा स्थानीय उत्पादनमा आधारित (home-grown), स्वच्छ, पोषणयुक्त, गुणस्तरीय खाजा एकद्वार प्रणालीबाट लक्षित सवै विद्यार्थीलाई निर्धारित समयमा आपूर्ति हुने गरी व्यवस्था गर्न बाञ्छनीय भएकोले यो कार्य-सञ्चालन संहिता,२०८१ निर्माण गरिएको छ ।

## २. मेगा किचेन कार्यक्रमको उद्देश्य

स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रही स्थानीय उत्पादनमा आधारित, स्वच्छ, पोषणयुक्त र गुणस्तरीय खाजा एकद्वार प्रणालीबाट लक्षित सवै विद्यार्थीलाई निर्धारित समयमा आपूर्ति हुने गरी व्यवस्था गर्नु यसको मुख्य उद्देश्य रहेको छ।

## ३. मेगा किचेन कार्यक्रम सञ्चालन कार्य प्रक्रिया

क) नमुनाको रूपमा पहिलो चरणमा सात प्रदेशका एक एक वटा स्थानीय तहमा मेगा किचेन कार्यक्रमको अवधारणा अनुरूप केन्द्रिकृत खाजा आपूर्ति संयन्त्र तयार गर्ने।

ख) खाद्य सूरक्षा तथा स्वच्छता सुनिश्चित हुने प्रबन्ध मिलाई वितरण प्रक्रिया संञ्चालन गर्ने। कार्यक्रमको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने।

ग) स्थानीय तह वा वडा कार्यालय वा वडा भित्रको अगुवा विद्यालय मार्फत केन्द्रिकृत खाजा आपूर्तिको प्रबन्ध गर्ने।

घ) स्थानीय तहले टेण्डर विधिबाट कार्यक्रम सञ्चालन गर्न सक्ने। स्थानीय तहले अन्य कक्षाका विद्यार्थीलाई समेत खाजा कार्यक्रममा सहभागी गराउन समेत प्राप्त अनुदान उपयोग गर्न सक्ने।

ङ) व्यक्ति, संघ संस्था, चन्दादाता आदिबाट समेत सहयोग लिई कार्यक्रम सञ्चालन गर्न सक्ने। मेगा किचेन कार्यक्रमको विषयमा स्थानीय तहले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

## ४. स्थानीय तह छनोटका आधार

कार्यक्रम सञ्चालनका लागि प्रदेश सदरमुकाम रहेको स्थानीय तह छनोट गरिने छ। यदि प्रदेश सदरमुकाम रहेको स्थानीय तहमा तोकिएको संख्यामा (कम्तीमा पनि पाँचहजार) विद्यार्थी नभएमा अन्य स्थानीय तह छनोट गर्न सकिनेछ। कार्यक्रममा स्थानीय तह तथा विभिन्न संघ संस्थाहरुले लागत साझेदारी गर्नसक्नेछन्। कार्यक्रमको छनोटमा परेका स्थानीय तहले कार्यक्रम सञ्चालन गर्ने स्थान, खाजा उपलब्ध गराउने विद्यार्थी सङ्ख्या, खाजा बनाउने जनशक्तिको व्यवस्थापन, ढुवानी व्यवस्थापन, स्थानीय उत्पादनमा आधारित स्वच्छ र पोषणयुक्त खाजा बनाउने विधि/ प्रक्रिया तथा स्थानीय तहबाट हुने लागत साझेदारीको विषय समावेश गरी प्रतिवद्धता पेश गर्नुपर्नेछ।

## ५. छनोट भएका स्थानीय तहका कार्य

मेगा किचेन कार्यक्रमको सेवा क्षेत्रभित्रका विद्यालयलाई विद्यालय सञ्चालन भएको प्रतिदिन प्रति विद्यार्थीका दरले विद्यालयलाई प्रदान गरिने दिवा खाजा व्यवस्थापनको रकम कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले प्रचलित कानूनको अधिनमा रही मेगा किचेन कार्यक्रम अन्तर्गत दिवा खाजाको एकीकृत एवम् केन्द्रीकृत आपूर्ति संयन्त्र परिचालन एवम् खाजा तयारी र आपूर्ति गर्ने सेवा खरिद गर्न लागि खर्च व्यवस्थापन गर्नुपर्ने छ।



श्री विद्या भट्टराई
माननीय मन्त्री
विज्ञान तथा प्रविधि

मेगा किचेन कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारबाट अख्तियारी प्रदान भएको बजेटका अतिरिक्त स्थानीय तह आफैँ तथा स्थानीय तहले पहिचान एवम् छनोट गरेका गैर सरकारी सङ्घ संस्था, विद्यालय, कानूनबमोजिम स्थापित समूह र निजी क्षेत्रसंगको साझेदारीमा गर्न सकिनेछ।

**६. विद्यालय व्यवस्थापन समितिको कार्य**

मेगा किचेन कार्यक्रमबाट विद्यालयमा आपूर्ति भएको खाजाबाट विद्यार्थी लाभान्वित भए नभएको सम्वन्धमा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नको लागि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुनेछ। विद्यालयमा दिवा खाजा व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समितिले एकजना शिक्षकलाई फोकल शिक्षकको रूपमा तोकी जिम्मेवारी प्रदान गर्नुपर्नेछ।

**७. खाजाको मेनु निर्धारण**

सामुदायिक विद्यालयमा दिवा खाजा कार्यविधि तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६(संशोधन समेत) र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ (संशोधन समेत) मा उल्लेखित खाजा मेनुलाई सन्दर्भका रूपमा लिई खाजाको मेनु निधारण गर्न सकिने छ।

**८. समन्वय तथा अनुगमन**

कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै द्विविधा तथा समस्या उत्पन्न भएमा **स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप २०८१** ले व्यवस्था गरेको समितिबाट आवश्यक समन्वय तथा सहजीकरण हुनेछ। कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने, अनुगमन गर्ने, अनुगमन प्रतिवेदन कार्यान्वयन गराउने र दिवा खाजासँग सम्बन्धित क्षेत्रमा साझेदारी गर्ने विकास साझेदार संस्थालाई समेत अनुगमन निरीक्षणमा सहभागी गराउने जिम्मा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

**९. अन्य व्यवस्था**

छनोट भएका स्थानीय तहले कार्यक्रम सञ्चालनका क्रममा अख्तियारी प्राप्त गरेको रकमको परिधिभित्र रही विद्यार्थीलाई दिवा खाजा व्यवस्थाका लागि प्रचलित कानून बमोजिम खर्च गर्न सक्नेछन्। यो नयाँ कार्यक्रम भएकाले प्रारम्भमा परीक्षणका रुपमा सञ्चालन गरी त्यसको नतिजा अध्ययन र औचित्यका आधारमा क्रमश: बाँकी कार्यक्रमको सञ्चालन निरन्तर गर्न वाञ्छनीय हुनेछ।

..............समाप्त..................

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि